# सुदुरपश्चिम प्रदेश

## २०७७/०४/१३ गते राती बाट परेको अबिरल बर्षाका कारण भएको क्षतिको बिवरण :-

### जिप्रका कैलाली :-

**ई.प्र.का. जोशीपुर कैलाली:-**०७७।०४।१३ गते राती परेको अविरल बर्षाका कारण जोशीपुर गा.पा.४ स्थित पथरिया नदीमा पानीको बहाव बढन गई ऐ.ऐ. ४ झवही खैरेनी टोलका अ.७।८ घर भित्र पानी पसेकोले नजिकैका आफन्तको घरमा सुरक्षित बसेको, सुरक्षित स्थानमा सार्ने पहल भईरहेको, मानविय चौपाया क्षती नभएको, प्र.ना.नि.को टोली खटिएको, उक्त स्थान ३।४ कि.मि. पूर्व।

**ई.प्र.का. जोशीपुर कैलाली:-**०७७।०४।१३ गते राती परेको अविरल बर्षाका कारण जोशीपुर गा.पा. ३ स्थित काडा नदीमा पानीको बहाव बढन गई ऐ.ऐ. ३ फाडिया गाँउका अ.२०।२५ घर भित्र पानी पसेकोले नजिकैका आफन्तको घरमा सुरक्षित बसेको, सुरक्षित स्थानमा सार्ने पहल भईरहेको, मानविय चौपाया क्षती नभएको, प्र.स.नि.को टोली खटिएको, उक्त स्थान ३।४ कि.मि. पूर्व।

**ई.प्र.का. भजनी कैलाली:-**०७७।०४।१३ गते राती देखि परेको अबिरल बर्षाका कारण भजनी न.पा.५ स्थित कान्द्रा नदीमा पानीको बहाव बढ्न गई ऐ.ऐ.५ जवलपुर गाउँमा उक्त नदीको पानी पस्न गई अ.१५ घर भित्र पानी पसेको, मानविय चौपाया क्षति नभएको, सुरक्षित स्थान तर्फ सार्न आवश्यक पहल भईरहेको, प्र.ना.नि. को कमाण्डमा ६ जनाको टोली खटिएको, उक्त स्थान ६।७ कि.मि. उत्तर पूर्व।

**ई.प्र.का. भजनी कैलाली:-**०७७।०४।१३ गते राती देखि परेको अबिरल बर्षाका कारण भजनी न.पा.२ स्थित काडा नदीको पानीको बहाव बढन गई ऐ.ऐ.२ मोहनपुर, ऐ.ऐ.३ ढुसी,काडा गाउँमा उक्त नदीको पानी पसन गई अ.५०।६० घर भित्र पानी पसेको, मानविय चौपाया क्षति नभएको, सुरक्षित स्थान तर्फ सार्न आवश्यक पहल भईरहेको, प्र.नि. को कमाण्डमा टोली खटिएको, उक्त स्थान ६।७ कि.मि. उत्तर पूर्व।

**सि.प्र.चौ. रामपुर कैलाली:-**०७७।०४।१३ गते राती देखि परेको अविरल बर्षाको कारण कैलारी गा.पा. ७ बसन्ता बस्ने बर्ष ३२ को बलराम चौधरीको एक तले ३ कोठे टायलले छाएको कच्ची घर नजिक रहेको सालको रुख ढल्न गई घर पुर्ण रुपमा क्षति भएको, निज बलराम चौधरी, निजकै श्रीमती बर्ष २८ की साबित्री चौधरी, छोरा बर्ष १३ को बसन्त चौधरी सामान्य घाईते भई उपचारको लागी सेती प्रादेशिक अस्पताल तर्फ आउदै गरेको, ३ जनाकै अवस्था सामान्य, सोही घर नजिकै ऐ.ऐ. बस्ने नितेश चौधरीको गोठमा बाँधेको १ वटा गाई सामान्य घाईते भएको, प्र.स.नि. भरत बोहराको कमाण्डमा ४ जनाको टोली खटिएको, उक्त स्थान ४।५ कि.मि. पश्चिम।

**ई.प्र.का. सडकपुर बौनिया कैलाली:-**०७७।०४।१३ गते साझ देखि परेको अविरल वर्षाका कारण आज मिति ०७७।०४।१४ गते विहान ०८:०० बजे देखि बर्दगोरीया गा.पा. २ कुम्भिया गाउँ स्थित रहेको वस्तीमा आकाशे पानी जम्मा भई १५।१६ वटा घर भित्र पानी पसी लत्ता कपडा र खाद्यान सामग्री भिजेको, ऐ. बस्ने राजेन्द्र प्रसाद जोशीको बाख्रा खोरमा पानी पसेकाले २०।३० वटा बाख्राको उद्दार गरी सुरक्षित स्थानमा राखिएको, अन्य मानविय तथा चौपाया क्षति नभएको, प्र.स.नि. भरत बहादुर अधिकारीको कमाण्डमा ५ जनाको टोली खटिएको, उक्त स्थान अ. २ कि.मि. उत्तर।

**ई.प्र.का. सडकपुर बौनिया कैलाली:**-०७७।०४।१३ गते साझ देखी परेको अविरल वर्षाका कारण कैलाली बर्दगोरिया गा.पा.२ कुम्भिया बस्ने प्रेम लाल डगौराको टिनले छाएको २ तले कच्चीको घरको माथिबाट माटोको डिस्को खस्न गई घर पुर्ण रुपमा क्षति भएको,घर भित्र रहेको लत्ता कपडा,अन्नपात क्षति भएको,मानविय चौपाया क्षति नभएको,नजिकै रहेका राम शरण डगौरा र नगेन्द्र रानाको घर जोखिममा रहेको हुदा ३ वटै परिवारका मानिसलाई सुरक्षित स्थान(आफन्तको घरमा) राखिएको,उक्त स्थानमा प्रसनि भरत ब.अधिकारीको कमाण्डमा ४ जनाको टोली खटिगएको,उक्त स्थान २ कि.मि.उत्तर ।

**ईप्रका टिकापुर कैलाली:**-२०७७।०४।१३ गते राती बाट परेको अविरल बर्षाको कारण टिकापुर न.पा.६ मिलनपुर शिबिर बस्ने बर्ष ५८ को रतन डगौरा,ऐ.ऐ.बस्ने पर्शुराम चौधरीको कच्ची घरमा पानी पसेकोले दुईटै घरका १२ जना र सर समान सहीत ऐ.ऐ.स्थित राष्ट्रिय मा.वि.बेलुवा राखिएको र जि.कैलाली जानकी गा.पा.१ तुरैयापुर स्थित १६ वटा घरधुरीमा पानी पसेकोले घर भित्रबाट सर समान लत्ता कपडा बाहिर निकाली सुरक्षित स्थानमा राख्न आवश्यक पहल भईरहेको,मानविय तथा चौपाया क्षति नभएको,उक्त स्थानमा प्रनाउ मधुसुधन  न्यौपानेको कमाण्डमा १६ जनाको टोली खटिगएको,उक्त स्थान ८।९ कि.मि.दक्षिण पर्ने।

**ईप्रका भजनी कैलाली:**-२०७७।०४।१३ गते राती देखी परेको अबिरल बर्षाका कारण भजनी न.पा.८ स्थित पथरैया नदी र काडा नदिको  पानीको बहाव बढन गई ऐ.ऐ. स्थित कृष्णनगर, खैरा, गोड्चौरा, सोनाफाटा, जनकपुर, काडाँढिक, बहादुरपुर ,ऐ.ऐ.३ स्थित दैलेखी टोल,बर्दवाफाटा,ऐ.ऐ.६ स्थित नवलपुर  गाँउमा उक्त नदिको पानी पसन गई अ.३००।३५० घर भित्र पानी पस्न गई  मानविय चौपाया क्षति नभएको,अन्दाजी १८०० जना बिस्थापित भई निजहरू हुलाकी सडक खण्डको कृष्णनगर, सोनाफाटा स्थित सडकमा पाल टाँगी बसेका उक्त स्थानमा प्र.नि.जनक धामीको कमाण्डमा ७ जनाको टोली खटिगईएको,उक्त स्थान ६।७ कि.मि.उत्तर पुर्ब पर्ने।

**ई.प्र.का.जोशीपुर कैलाली :**-०७७।०४।१३ गते राती परेको अविरल बर्षाका कारण  जोशीपुर गा.पा.७ लुवागड बस्ने बर्ष ७४ को भजनलाल चौधरी र निजकै श्रीमती बर्ष ६४ की क्षेत्री देवी चौधरी डुवानमा परेको हुदा प्रहरीले उद्दार गरी सुरक्षित स्थानमा आफन्तको घरमा राखिएको उक्त स्थानमा प्रनानिबिर बहादुर बोहराको कमाण्ड ५ जनाको टोली खटिगएको,उक्त स्थान ३।४ कि.मि.पुर्व बि.बि.पछि।

**ईप्रका भजनि कैलाली:**-०७७/०४/१४ गते १४:०० बजे भजनि न.पा. ८ सोना फाटा स्थित गैरी नाला बाट काडा नदि तर्फ बग्दै गरेको अं. बर्ष ३५/३६ को पुरुष ब्यक्तिको हेल्मेट सहितको लाश बग्दै गरेको भनि ऐ.ऐ. बस्ने चन्द्र बि.क. सहितका स्थानिय ब्यक्तीहरुले ऐ. १४:१५ बजे यस का.मा जानकारी गराउना साथ यस का. बाट प्र.नि. को कमाण्डमा ८ जनाको टोली खटि गई सोहि स्थानमा  सु.प.प्र.२०-३००१ प ३५०६ नं.को FZ मो.सा. सहित फेला परेको  उक्त मो.सा. प्र.चौ जनकपुर कैलालीमा राखिएको निज ब्यक्तीको  खो.त. कार्य भई रहेको उक्त स्थान यस का. बाट ७ कि.मि. पुर्ब पर्ने उक्त स्थानमा अन्य बि.बि. पछी ।

**ईप्रका भजनि कैलाली** ०७७/०४/१४ गते १४:५० बजे भजनि न.पा ८ जनकपुर बस्ने रमेश चौधरीको छोरा बर्ष ११ को स्केल चौधरी घर बाट शुरक्षीत स्थान कालिका मन्दिर जाने क्रममा घर नजिक रहेको कुलोमा डुबि बेपत्ता बएको भनि ऐ. १५०० बजे यस का.मा जानकारी प्राप्त हुना साथ यस का. बाट प्र.नि. जनक सिंह धामिको कमाण्डामा टोलि खटि गएको खो.त. कार्य जारी उक्त स्थान यस का. बाट ७/८ कि.मि. पश्चिम पर्ने।

## जिप्रका अछाम :-

**प्र.चौ. जयगढ अछामः-**०७७।०४।१३ गते राति परेको अबिरल बर्षातका कारण जिल्ला अछाम बान्नीगढी जयगढ गा.पा. ६ धर्ना स्थित रहेको धर्ना लघु जलविद्युत आयोजनाको अं.८० मिटर नहर माथी बाट पहिरो आई भत्किएको,विद्युत सेवा पुर्ण रुपमा अवरुद्ध भएको भन्ने ऐ. वडाका वडा अध्यक्ष कृष्ण बहादुर कडायतले टे.फो. मार्फत ०७७।०४।१४ गते १०:०० बजे यस चौकीमा जानकारी गराउना साथ प्रसनि टोलि खटिई गएको उक्त स्थान २८ कि.मि. दक्षिण पुर्व पर्ने।

**ई. प्र.का.विनायक अछामः-**०७७।०४।१३ गते राति परेको अबिरल बर्षातका कारण पञ्चदेवल विनायक न.पा. २ न्यौपाने टोल बस्ने लक्ष्मण न्यौपानेको घर माथीबाट पहिरो आई घर नजिकै रहेको कुखुराको खोर पुरिन गई खोर भित्र रहेका १६ बटा कुखुरा पुरिई मरेको,निजको घर उच्च जोखिममा रहेको भन्ने २०७७।०४।१४ गते १०:३० जानकारी प्राप्त हुना साथ प्रह को टोलि खटिगएको उक्त स्थान अ. ३/४ किमि उत्तर पुर्व तर्फ पर्ने।

**ई.प्र.का. कालेकाडा अछामः-**०७७।०४।१३ गते २१:३० बजे अबिरल बर्षातका कारण पञ्चदेवल विनायक नपा ९ मटेला बस्ने खण्टे भाटको ढुंगामाटोले बनेको टिनले छाएको ८ कोठे घरमा १५ दिन अगाडी देखि ऐ.ऐ. बस्ने अम्बिकला भुल बस्दै आएकोमा अविरल वर्षाका कारण पछाडी पट्टीको २ वटा कोठा भत्किन गई १ वटा बाख्राको मृत्यु भएको घर भित्र रहेको खाद्यान्न , लत्ता कपडा , भाडाबर्तन लगायत १०००००। एक लाख बराबरको क्षति भएको अन्य मानविय चौपाया क्षति केही नभएको भनी आज मिति २०७७।०४।१४ गते १०:०० बजे खबर प्राप्त हुना साथ प्रह को टोलि खटिई गएको, उक्त स्थान १ घण्टा पैदल पुर्व पर्ने।

**प्र.चौ. ढुंगाचाल्ना अछामः-**०७७।०४।१३ गते राति परेको अबिरल बर्षातका कारण जिल्ला अछाम ढकारी गापा वडा नं. ७ थारम बस्ने नम बहादुर थापाको घर भत्किन गई पुर्ण रुपमा क्षति भएको मानविय चौपाया क्षेति केही नभएको ,मानिसहरुलाई अन्य स्थानमा व्यस्थापन भैसकेको भनी निजले आज मिति २०७७।०४।१४ गते ०७:३० बजे टे.फो. मार्फत खबर प्राप्त हुना साथ प्रचौ ढुंगाचाल्ना अछाम बाट प्रह मनरुपनाथ योगीको कमाण्डमा ३ जनाको प्रहरी टोलि खटिई गएकोमा यस कार्यालय बाट अन्दाजी २ घण्टा पश्चिममा रहेको टोसा खोलामा वाडी आएकोले जान नसकी ऐ.१२:०० बजे प्रहरी टोली फिर्ता भएको, घटनास्थल ३ घण्टा पश्चिम पर्ने।

**प्र.चौ. ढुंगाचाल्ना अछामः-** ०७७।०४।१४ गते ०९:०० बजे अबिरल बर्षातका कारण ढकारी गापा ६ वडा कार्यालयको घेर प्रखाल भत्किन गई नजिकै रहेको ऐ.ऐ. बस्ने मनसरा देबी बुढाको २ तले २ कोठे ढुंगामाटोले बनेको घरमा प्रखाल पर्न गई सोही घरको तल्लो तलामा पसलको पछाडी पट्टीको दिवाल भत्किन गई सामान ,लत्ता कपडा भाडाबर्तन लगायत (१०००००।– एक लाख) बराबरको क्षति भएको साथै नजिकै रहेको शौचालय पनी भत्किएको मानबिय चौपाया क्षति केही नभएको उक्त स्थान प्रचौ ढुंगाचाल्ना अछाम बाट प्रसनिको टोलि खटिगएको उक्त स्थान १०० मिटर दक्षिण पर्ने।

**प्र.चौ. मंगलसेन अछामः-**०७७।०४।१४ गते ०७:३० बजे अबिरल बर्षातका कारण मंगलसेन न.पा. ५ स्थित शान्तिकोट भन्ने स्थानमा ऐ.ऐ. बस्ने झपट सिंह धामीको घर छेउमा लगाएको ग्याबिन जालीको बाल भत्किन गई आगन चर्केको, घर जोखिममा रहेको र अदालत हुदै नगरपालिकाको नया भवन तिर जाने सडक पुर्ण रुपमा अवरुद्ध भएको भन्ने ऐ. ११:०० बजे खबर प्राप्त हुना साथ उक्त स्थानमा प्रचौ मंगलसेन अछाम बाट प्रसनिको टोलि खटिगएको उक्त स्थान ५०० मिटर उत्तर पर्ने।

**प्र.चौ. ढुंगाचाल्ना अछाम:-**०७७।०४।१३ गते राति परेको अबिरल बर्षातका कारण तुर्माखाँद गापा वडा नं. ५ स्थित धुरगाँउ बस्ने मनबिरे दमाईको ढुंगामाटोले बनेको पत्थरले छाएको २ तले २ कोठे घर भत्किएको भनि आज मिति २०७७।०४।१४ गते १२:४५ बजेको समयमा स्थानियबासी प्रेम बहादुर शाहीले यस कार्यालयमा खबर प्राप्त हुना साथ प्रचौ ढुंगाचाल्ना अछाम बाट प्रहको टोलि खटिगएको उक्त स्थान २/३ घण्टा दक्षिण पर्ने।

**प्र.चौ.सान्तडा अछाम:-**०७७।०४।१३ गते राति परेको अबिरल बर्षातका कारण रामारोशन गा.पा. ५ अल्लेरीमा रहेका ३०/३५ वटा घर पहिरोको कारण जोखिममा रहेको भनि आज मिति २०७७।०४।१४ गते ११:०० बजेको समयमा यस चौकीमा खबर प्राप्त हुना साथ प्रसनिको टोलि खटिगएको, उक्त स्थान ३/४ घण्टा पैदल पुर्ब पर्ने।

**प्र.चौ. सान्तडा अछाम:-**०७७।०४।१३ गते राति परेको अबिरल बर्षातका कारण रामारोशन गा.पा.अन्तर्गतका निम्न स्थानमा निम्नानुसारको क्षति भएको, उक्त स्थान तर्फ प्रह को टोली खटिगएको।

**निम्न:**

१. जिल्ला अछाम रामारोशन गापा ४ स्थित ठाडागडामा रहेको भेरगाँउ -बुडेतोला जोड्ने झोलुङ्गे पुल घट्टेखोलाको पानीले गर्दा भुलेतोला तर्फको जमिन कटान गरी उक्त जोलुङ्गे पुल जोखिममा रहेको ।
२. ऐ.ऐ. ५ ज्युनेरा स्थित ज्युनेरा –नेटाकोट जोड्ने झोलुङ्गे पुल डिगनेरा खोलाले दुबै तर्फको जमिन कटान झोलुङ्गे पुल खोलामा खसी आवतजावत बन्द भएको ।
३. ऐ.ऐ. ४ स्थित भुईतासेन सडकखण्ड ठाँउठाँउमा पहिरो आई खालबजारबाट ऐ. वडा नं. ४ वडा कार्यालय सम्म जाने भित्री सडक खण्ड पुर्ण रुपमा अबरुद्ध भएको।
४. ऐ.ऐ. ६ पुदु बस्ने प्रसादे साउदको कैलाश खोला र बलिया खोलाको बिचमा परि ३० वटा कुखुराको मृत्यु भएको घर जोखिममा रहेको मानविय, चौपाय क्षती नभएको, मानिस सुरक्षित स्थानमा सरिसकेको।
५. ऐ.ऐ. ६ पुदु बस्ने विरमले साउदको घर पश्चिम तर्फको बलिया खोलाले कटान गरि आधा घर भत्केको, मानविय चौपाय क्षती नभएको।
६. ऐ.ऐ. ४ खाल बाजर स्थित वडा नं. ४ र ५ जोड्ने बलिया खोलाको पुल वडा नं. ४ तर्फको भाग खोलाले कटान गरि जोखिममा रहेको।
७. ऐ.ऐ. ६ स्थित कैलाशखोला पातु लघुजलविद्युत आयोजनाको स्टेशनमा पानी पसेको।
८. ऐ.ऐ. ३ र ६ जोडने झोलुङ्गे पुलको ६ तर्फ पहिर गई जोखिममा रहेको।
९. ऐ.ऐ. ३ स्थित कैलाश खोलाले शिव मन्दिर आधा कटान गरेको।
१०.ऐ.ऐ. ६ स्थित कैलाश खोला तेस्रोलघुजलविद्युत आयोजनाको नहर कैलाश खोलाले कटान गरि पवरहाउस जोखिममा रहेको।
११.ऐ.ऐ. ४ युनेरवा स्थित रहेको गोगनखडा लघु जलविद्युत आयोजनाको नहर र ३ वटा पोल बगाएको, भवन सुरक्षित रहेको।
१२.ऐ.ऐ. ४ स्थित तडेरवा लघु जलविद्युतको नहर बगाएको, पवरहाउमा पानी पसि बालुवाले पुरी जनेरेटर टरवाईन मेसिनमा क्षति भएको।

**ईप्रका घुघुरकोट अछाम:-** २०७७।०४।१४ गते १४:३० बजे अछाम साँफेबगर नपा-१३ बुढा बगर स्थित अछाम- बाजुरा सडक खण्डको छेउमा रहेको केन्द्रीय विद्युत प्रशासन लाईनको १ वटा पोल बुढीगांगा नदिको कटानका कारण अर्धरुपमा ढल्न गई एक साईको बाटो अवरोध भएको सानो गाडी मात्र पास हुन सक्ने, अर्को पोल समेत जोखिममा रहेको उक्त स्थानमा प्र.ना.नि.को टोली खटि गएको, उक्त स्थान ५ कि.मि. उत्तर पर्ने वि.वि. पछी। विद्युत कार्यालयलाई जानकारी भईसकेको।

**ईप्रका बिनायकअछाम :-** ०७७।०४।१४गते०८:४० बजे पञ्चदेवल बिनायक न.पा १ धामीगाँउ,२ बिनायक,कमलबजार न.पा ५ कृतिपुर स्थित मध्य पहाडी लोकमार्ग सडक खण्डमा अबिरल बर्षातका कारण माथि बाट पहिरो आई बाटो अवरोध भएको जानकारी प्राप्त हुना साथ प्र.ना.नि. को टोलि खटि गएको,उक्त स्थान ४/५ कि.मि उत्तर पर्ने, बाटो खुलाउनको लागि भई रहेको।

## जिप्रका बाजुरा :-

**जिप्रका बाजुरा** :-०७७।०४।१४ गते १५:३० बजे बुढिगंगा न.पा.१ अम्कोट स्थित ऐ.बस्ने निम्न ३ जना ब्यक्तिहरु गोरु चराउन ऐ. जंगलमा गएको अवस्थामा माथिबाट पहिरो आई १ जना ब्यपत्ता भएको र २ जनालाई स्थानियले उद्दार गरेकोउक्त स्थान १३ कि.मि. दक्षिण ,उक्त स्थानमा प्रनिको कमाण्डमा ११ जनाको टोली खटिगएको।

**निम्न :-**

१- जि.बाजुरा बुढीगंगा न.पा. १ अम्कोट बस्ने बर्ष २२ को धर्मराज तिमिल्सेना (बेपत्ता)
२- ऐ. बस्ने बर्ष १७ को ज्ञानु प्रसाद पाध्याय (सिरियस)
३- ऐ. बस्ने बर्ष १४ को हरेन्द्र पाध्याय (मध्यम)

**प्र.चौ जुड्डी बाजुरा:-**२०७७।०४।१४ गते बिहान ०२:००/०३:०० बजे जगन्नाथ गा.पा.६ काभ्री बस्ने राम लाल बिष्टको बाख्रा खोरमा जिल्ला कालिकोट पलाता गा.पा.२ बस्ने कर्ण न्यौपाने,गोबिन्द न्यौपाने र देवराज न्यौपानेले सयुक्त रुपमा ३० वटा बाख्रा जिल्ला बाजुरा हिमाली गा.पा.६ बोल्ढीक बाट खरिद गरी कालिकोटको लागी लगेकोमा साझ परेका कारण बास बसेकोमा बर्षाका कारण माथिबाट पहिरो आई बाख्रा खोर सहित १५ वटा बाख्राको पहिरोले च्यापिएर मृत्यु भएको,३ वटा बाख्रा घाईते र १२ वटा बाख्रा सकुसल उद्धार गरेको,मानिसहरू नजिकै रहेको पसलमा बसेकोले सकुसल रहेका भनि ऐ.१३:०० बजे जानकारी प्राप्त पश्चात प्र.ना.नि.को टोली खटिएको,उक्त स्थान ३ घण्टा पुर्ब पर्ने। बि.बि.पछि।

## जिप्रका दार्चुला :-

**प्र.चौ.शकरपुर पस्ती दार्चुला** ०७७/०४/१४ गते ०८:३० बजे मालिकार्जुन गा.पा.८ क्याम्पस चोक रोड माथि बाट पहिरो आई दार्चुला गोकुलेश्वर सडक खण्ड अबरुद्ध भएको उक्त स्थानमा प्रनानि को टोली खटी गएको उक्त स्थान ३ कि.मी पुर्ब बाटो खुलाउने पहल भई रहेको ऐ.१२:०४ मा बाटो सफा गरी यातायात शुचारु भएको।

**प्र.चौमालिकार्जुन दार्चुला** ०७७/०४/१४ गते ११:०० बजे शैलेशिखर न..पा.६ चैतली चौर स्थित रोड माथि बाट पहिरो आई दार्चुला गोकुलेश्वर सडक खण्ड अबरुद्ध भएको उक्त स्थानमा प्रसनि को टोली खटी गएको उक्त स्थान २ कि.मी पश्चिम बाटो खुलाउने पहल भई रहेको ऐ.१२:०४ मा बाटो सफा गरी यातायात शुचारु भएको।

**प्र.चौ.ब्रमदेब दार्चुला**:-०७७/०४/१४ गते ०९:०० बजे दुहु गा.पा ३सल्ली बस्ने ईन्द्र ब.बमको घर माथि बाट अबिल बर्षाका कारण पहिरो आउने सम्भावना भई गोखिममा रहेको हुदा उक्त स्थानमा प्रसनि टोली खटी गएको प्रहरी र स्थानियको सहयोगमा घर रहेका सर समान सहित सुरक्षित निजको भाईको घरमा सारेको।

**ई.प्र.का.रिठाचौपाता दार्चुला:-** ०७७।४।१४ गते १०:०० बजे लेकम गा.पा. ४ स्थित तेलीगौडा भन्ने स्थानमा ऐ.बस्ने धनि गिरीको २ तले २ कोठे पत्थरले छाएको घर भत्किन गई २ वटा बाख्राका पाठा घर भित्र च्यापिएको र मानबिय क्षेति केही नभएको भनि यस का.मा ऐ.१२:०० बजे जानकारी गराउना साथ उक्त स्थानमा यस का.बाट प्रनानिको टोली खटिगएको उक्त स्थान २ घण्टा पश्चिम पर्ने । थप बिबरण:- ऐ.१३:३० बजेको समयमा प्रहरी टोली घट्नास्थलमा पुगी बुझ्दा निजको घरको पछाडीको दिवाल भत्केको र उक्त घरको गोठमा रहेको १ बाख्राको पाठीको मृत्यु भएको बाख्राको पाठी निकाली सकेको मानबिय क्षेति नभएको निज ऐ.बस्ने तारा गिरीको घरमा बसेको ।

## जिप्रका डोटी :-

**प्र.चौ.घण्टेश्वर डोटी**:-२०७७।०४।१४ गते १०:३० बजे डडेल्धुरा सडक खण्ड भिमदत्त राजमार्गको जोरायल गा.पा.१ गोल्डेन भन्ने स्थानमा सडक माथि बाट पहिरो आई बाटो अवरोध भएको खबर प्राप्त हुनासाथ तत्काल यस चौकी बाट प्र.स.नि.को कमाण्डमा टोली खटिई गएको बाटो खुलाउने तर्फ आवश्यक पहल भईरहेको उक्त स्थान यस चौकीबाट अन्दाजी १० कि.मी. पुर्व दक्षिण पर्ने बिबि पछि । ११:१० बजे देखि भिमदत्त राजमार्गकै ऐ.ऐ.स्थित गोगनपानी भन्ने स्थानमा समेत सडक माथिबाट पहिरो आई बाटो अवरोध भएको । यस चौकीबाट ३ कि.मी.दक्षिण पर्ने पुनश्चः- ११:१५ बजे देखि एक तर्फी बाटो सुचारु बाटो खुलाउने तर्फ डडेल्धुराबाट JCB गई सकेको । थप बिबरण :- ऐ.१३:०० बजे बाट JCB ले बाटो सफा गरी यातायात पुर्ण रुपमा सुचारू ।

## जिप्रका डडेल्धुरा :-

**ई.प्र.का. जोगबुढा डडेल्धुरा:-** २०७७।०४।१४ गते १०:०० बजे पर्शुराम न.पा. ४ कटाल बस्ने करन सिंह ऐरीको वर्षाका कारण गाईगोठ भत्किन गई गोठमा रहेका गाई १, गाईको बाछ्छो १ को मृत्यू भएको र गोरु १ घाईते भएको मानविय क्षेती केही नभएको उक्त स्थानमा प्र.स.नि. चन्द्र सिंह ठगुन्नाको कमाण्डमा ३ जनाको टोली खटि गएको उक्त स्थान जोगबुढा बाट अन्दाजी ४ कि.मि. उत्तर पर्ने वि.वि. पछि ।

## जिप्रका बझाङ :-

**प्र.चौ. रायल बझाङः-**०७७।०४।१३ गते परेको अबिरल बर्षाका कारण केदारस्यु गा.पा.१ नारीगौडा खोलामा पानीको सतह बढ्न गई जयपृथ्वी राजमार्ग अबरोध भएको, उक्त स्थानमा स.मु. तर्फ आउने २ वटा मिनी ट्रक रोकिएको, उक्त स्थान २।३ कि.मि. उत्तर ऐ.०९:०० बजे बाट बाटो सफा गरी यातायात शुचारु भएको ।

**जि.प्र.का. बझाङः-**०७७।४।१३ गते राती बरेको बर्षाका कारण जयपृथ्वी न.पा.१० चैनपुर देखि तलकोट गा.पा. हुदै ताक्लाकोट शाखा सडकखण्ड तल्कोट गा.पा.वडा नं.१ सुनिकोट, वडा नं.२ धमेना, वडा नं. ५ रुपातोला लगायतका अन्य स्थानमा पहिरो आई उक्त शाखा सडकखण्ड अबरोध रहेको, उक्त स्थान तर्फ प्र.ना.नि. को कमाण्डमा ४ जनाको टोली खटिएको, बाटो खुलाउने तर्फ पहल भईरहेको ।